# ब्याँसगाउँपालिका

## सुन्सेरा, दार्चुला

# बार्षिक नीति ,बजेट तथा कार्यक्रम

## आ.व. २०७६।०७७

२०७६ साल असाढ २५ गते

**खण्ड–१**

**ब्याँस गाउँपालिकाको पाँचौ गाउँसभाका अधक्ष्य ज्यू ,**
**उपस्थीत सम्पूर्ण गाउँ सभाका सदस्य ज्यूहरु,**
**उपस्थीत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु,**
**उपस्थीत**आमा बुवा दाजु भाई दिदी बहिनिहरु
उपस्थित पत्रकार तथा सुरक्षाकर्मी मित्रहरु ।

स्थानीय सरकारको दोस्रो पूर्णकालिन अवधि आ.व२०७६/०७७ नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत गर्न पाउदा म अत्यन्तै गौरम्भान्वित छु । यस ऐतिहासिक अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रका लागि जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रदान्जली एवं समग्र आर्थिक राजनीतिक सामाजिक परिर्वतनका लागि नेतृत्वदायी भूमीका निर्वाह गर्ने सबै अग्रज ब्यक्तित्वहरु प्रति उच्च सम्मान ब्यक्त गर्न चाहन्छु ।

ब्याँस गाँउपालिका दार्चुला जिल्लाको उत्तरी भागमा अवस्थित एक सुन्दर एवं प्राकृतिक स्रोतले सम्पन्न गाँउपालिका हो । यो गाँउपालिका ८३९ वर्ग कि.मी.क्षेत्रफलमा फैलिएको भारत तथा चीनसंग सीमाना जोडिएको त्रिदेशिय नाकामा अवस्थित सामरिक महत्व बोकेको गाँउपालिका हो । यस गाँउपालिकालाई भौगोलिक अवस्था एवं जनसंख्याको अनुपात अनुसार ६ वटा वडामा विभाजन गरिएको छ । २०६८ सालको जनगणना अनुसार यस गा.पा.को जनसंख्या १०३४७ रहेको थियो भने हाल व्यास गाउ पालिकाले गरेको सर्भेक्षणले यस गा . पाभित्र २१४७घर धुरी रहेका छन् भने यहाँको जनसंख्या १३१३४ रहेको छ । जसमा महिलाको संख्या ६६६७ र परुषको संख्या ६४६७ रहेको छ ।

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संचरना संघ,प्रदेश र स्थानीय तह गरि तिन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले कानुन बमोजिम गर्ने ब्यवस्था अनुरुप यस गाँउपालिकाले वि.सं. २०७४ साल अषाढ १४ गते सम्पन्न स्थानीय तहको निर्वाचन पश्चात संविधान र बिद्यमान ऐन कानून बमोजिम स्थानीय सरकारप्रारम्भ भएको दुईवर्ष पुरा भएको छ । संघको अस्पष्ट नीतिगत ब्यवस्था एवं सांगठनीक संरचना, अप्रयाप्त जनशक्ति तथा सिमित स्रोतसाधन, भौगोलिक बिकटता, प्रशासनिक जटिलता लगायतका समस्यालाई चिर्दै यस अवधिमा यस गाँउपालिकाले सम्पन्न गरेका कार्यक्रमहरुको समीक्षा एवं आगामी आर्थिक वर्षमा लिने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आदणिय यस शभाका अध्यक्ष महोदय,उपस्थित गाउ शभा सदस्य ज्यु हरु, अब म चालु आ.ब.को वार्षिक नीति, कार्यक्रम तथा बजेटको समीक्षा गर्न अनुमति चाहन्छु ।

**१.१ चालु आर्थिक वर्षको नीति कार्यक्रमको समीक्षा :**

आ.व२०७५/०७६मा यस गाँउपालिकाले समग्रआर्थिक,सामाजिक, पुर्वाधार वातावरण विपद् ब्यवस्थापन तथा संस्थागत विकास,सेवा प्रवाह र शुसासनका लागि अवलम्बन गरिएका नीति तथा कार्याक्रमको समीक्षा गर्न चाहान्छु ।

**१.१.१. आर्थिक क्षेत्र :**

आ.व.२०७५।०७६को अन्त्य सम्ममा गाँउपालिकाको समग्र कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी क्षेत्र तथा वित्तिय क्षेत्रमा १ करोड ९० लाख ४० हजार रकम विनियोजन गरिएको थियो । यसबाट यस गा.पा.का समग्रआर्थिक गतिविधिको प्रभाव तथा उपलब्धीलाई देहाय बमोजिम आकलन गरिएको छ ।

**चालु आ.व.का उपलब्धिहरु :**

- कृषिजन्यपदार्थ तथा वस्तुको उत्पादन तथा उत्पादत्व अभिबृद्धि भएको छ ।
- कृषिमा बेमौसमी,आधुनिक बिऊ,बिजन तथा प्रविधि विस्तार भई कृषि उत्पादनमा विविधिकरण एवं ब्यवसायीकरणको शुरुवात भएको छ ।
- बृहत कृषि मेला प्रर्दशनी गरिएको छ।
- अध्यक्ष रेडीयो कृषि सप्ताहिक कार्यक्रम निरन्तर रुपमा प्रशारण गरिएको छ।
- आकष्मिक बाली संरक्षण सेवा र एकिकृत घुम्ती सेवा शिविर संञ्चालन गरि कृषक हरुलाई निशुल्क रुपमा विषादी वितरण तथा रोग किराको प्रकोप नियन्त्रण भएको छ।
- ब्याँस गा. पा वडा नं.-१ मा स्याँउ पकेट क्षेत्र विस्तार गरि स्याँउ खेतीलाई प्राथमिकता दिई यहाँ का स्थानियको जिविकोपार्जन मासहयोग पुगेको छ।
- कृषि ब्यवसाय प्रर्वधन कार्यक्रम अन्तर्गत१८जना युवा कृषकहरुलाई उत्पादन मुलक तथा ब्यवसायीकतामा जोड दिएको छ।
- ब्यवसायीक केरा खेती पकेट क्षेत्रअन्तरगत हुती धौलाकोट र सुन्सेराको तल्लो तटिय भेगमामा एक एक वटा पकेट क्षेत्र संञ्चालन गरि कृषक हरुलाई आत्मनिर्भता साथै ब्यवसायीक्तामा बिषेश जोड दिईएको छ।
- हिउँदे तथा वर्ष फलफुलफुलको बगैँचा ब्यवस्थापन गर्न कृषक कृषि फर्म तथा कृषक समुह हरुलाई कृषि सामग्रीहरु वितरण गरि बगैँचा ब्यवस्थापन गर्नेमा सहयोग पुगेको छ।
- विना विषादि बिउ भण्डारण गर्नका लागी ९० प्रतिशत अनुदानमा सुपर ग्रिन ब्याँग गा.पा भित्रका ४५० घरधुरी लाई बितरण गरिएको छ।
- ७५ प्रतिशत अनुदानमा सिड बिन बिउ भकारी गा.पा भित्रका १५० घरधुरी लाई बितरण गरिएको छ।

- आलु बालीमा बाली उत्पादन कृषक पाठशाला संचालन गरि कृषक हरुलाई कृषक कै खेतबारीमा गई उन्नत खेती प्रबिधि बारे ज्ञान सिप दिईएको छ।
- पहिलो पटक परिक्षणका लागी यस गा.पा अन्तरगत रहेका सम्बाभित ठाँउ मा आपँ १०० बोट लिचि ५० बोट र अनार ५० बोट कृषक हरु लाई निःशुल्क वितरण गरिएको छ।
- गाँउपालिकाका ५ वटा क्षेत्रमा साना सिचाँई आयोजना निर्माण गरि कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गर्न सहयोग पुगेको छ।
- कृषक समुह सहकारी मार्फत गाँउपालीका भित्रका चार बटा स्थानबाट सुपथ मुल्य का खाद्य पसल संचालनमा ल्याई आम नागरिकको दैनिक उपभोग गर्ने खाद्य बस्तुको उपलब्धतामा जोड दिईएको छ
- गाँउपालीका भित्रका दुई बटा स्थानमा बहु-उद्धेशिय नर्सरी स्थापना गरिएको छ।
- पशु ब्यवसायका लागि आवश्यक सेवा सुविधा तथा सचेनता अभिबृद्धि भई व्यवसायिक भावनाको विकास भएको छ।
- बाख्रा पालन तथा गाई पालन भैसी पालन कुखुरा पालनमा ब्यवसायिकतामा जोड दिएको छ।
- *पशु स्वास्थ्य सुविधामा सहजता भएको छ।*
- *यस गा.पा अन्तर्गतका वडा२-३-४- वडाहरुमा एक/ एक पटक गरि तिन पटक पशु स्वास्थ्य शिविर संञ्चालन गरिएको छ।*
- *दुधमा आत्मनिर्भर बनाउनको लागि समुह गठनमार्फत गोठ सुधार गरि दुग्ध उत्पादनमा बृद्धी भएको छ।*
- *विभिन्न पशु पालन सम्बन्धी समुह लाई उपकरणहरु सामग्री वितरण गरिएको छ।*
- *विभिन्न पशु ब्यवसायमा संलग्न समुह हरुलाई उत्पादन बृद्धी गर्नका लागि डालेघाँस का विरुवा तथा भुई घाँस को विँउ*वितरण गरिएको छ।
- पशुहरुमा नश्ल सुधार गर्नेका लागि बोयर जातका२वटा बोका,२ वटा साडे र१ वटा याक वितरण गरेको छ।
- अण्डामा आत्मनिर्भर बढाउनको लागि कुखुरा फर्म २ वटा सुधार गरिएको छ ।
- मासुमा आत्मनिर्भर बढाउनको लागि मासु ब्यवसायिहरुलाई मासुपसल सुधारका लागि आवश्यक सामग्री वितरण गरिएको छ।
- रेविज रोग नियन्त्रणका लागि रेविज विरुद्धको खोप दिएको छ।
- यस गा.पा ब्यवसायिक पशु पालक कृषक हरुलाई पशुपालन सम्बन्धी आईपर्ने समस्याहरुको जानकारी गराउन गाउँपालिका स्तरिय ब्यवसायिक बाख्रा पालन - गाई भैसी पालन सम्बन्धी तालिम दिईएको छ।
- कृषक समुहहरुमा स्थलगत तालिम दिई कृषकको घर दैलोमा कृषि सम्बन्धी विविध समस्याहरुको समाधान गरिएको छ।
- पशु बाट मानिसमा मानिस बाट पशुमा सर्ने रोगहरु बारे जानकारी गराउनको लागी जुनोसिस रोग सम्बन्धी जनचेतना मुलक गोष्ठी संञ्चालन गरिएको छ ।
- आ.व २०७५/०७६मा यस गाउँपालिका भरिमा ५५५४ पशुको मेडीकल उपचार - ५१९माईनर सर्जिकल - २९३ पशुको गाईनोक्लोजिकल उपचार गरिएको छ।

- प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट विदेशबाट फर्किएका युवाहरु तथा अन्य वेरोजगार युवाहरु लाई विकास निर्माणमा संलग्नगराई रोजगारीकोअवशर प्रदान गरिएको छ ।
- गा.पा.भित्रका धार्मीक एवं पर्यटकिय क्षेत्रहरुको पहिचान गरि पुर्वाधार निर्माणकार्य लाई अगाडी बढाईएको छ।
- यस गाउँपालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय क्षेत्रहरुमा बाटो निर्माण गरिएको छ।
- धार्मिक तथा पर्यटक क्षेत्रहरुको डोकोमेण्ट्री निर्माण गरिएको छ।
- यस गा.पा भित्र वडा नं.-३ स्थित रहेको धार्मिक क्षेत्र गोदु तातो पानी तथा रानी कोट्टा धार्मिक क्षेत्रको डी.पी.आर तयार गरिएको छ।
- होमस्टेहरु ब्यवस्थापनभई पर्यटकिय सेवा सुविधा उपलब्धताको आधार तयार भएको छ।
- यस गा.पा भित्र अन्तर्गत रहेका सहकारी संस्थाहरुको क्षमता अभिबृदी गर्न सहकारी सम्बन्धी क्षमता अभिबृदी तालिमहरु संञ्चालन गरिएका छन्।

**चुनौतिहरुः**

- नागरिकहरुमा ब्यवसायिकताको भावनाको विकास नहुन सक्नु। .
- कृषिजन्य वस्तु तथा सेवामा आत्मनिर्भरता हासिल गरि रोजगारी सिर्जना गर्न नसक्नु।
- युवाहरुमाश्रम प्रती सम्मान गर्ने भावनाको विकास नहुनु।
- कृषकहरुलाई सहजरुपमा समय समयमा दक्ष जनशक्तिको अभाव कारणप्राविधिक सहयोग दिन नसक्नु।
- यस. गा.पा अन्तर्गत रहेका सहकारी संस्था हरुको क्षमता अभिबृदी गरि यहाँका जनताहरुको जिवन स्तरमा आर्थिक सुधार गर्ने अती आवश्यक देखीएको छ।
- भौगोलिक बिकटताको कारणले प्रर्यटकहरुलाई उचित गन्तब्यमा पुरयाउन कठिन।
- पशु ब्यवसायिहरुमा जनचेतनाको अभाव।
- पशु ब्यवसायिहरुले आवश्यक प्राविधिक सहयोग नपाउनु।

## १.१.२ सामाजिक विकासक्षेत्र

यस गाँउपालिकाले शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन,खेलकुद तथा मनोरञ्जन र लैगिक समानता तथा सामाजिक समावेशीकरणविद्यालय भौतिक संरचना निर्माण ,शिक्षक विद्यालयमा कार्यक्रम, स्वास्थ्य तथा पुर्वाधार निर्माण ,घुम्ति स्वास्थ्यशिविर ,जेष्ठ नागरिक सम्मान कार्यक्रम खानेपानी योजना तथा मन्दिर निर्माण तथा मर्मत लक्षित वर्ग कार्यक्रमलाई उच्च प्राथमिकतामा राखि चालु आ.व.को अन्त्य सम्ममा **.१ करोड ५५ लाख २५ हजार** रकम विनियोजन गरेको थियो । यसबाट यस गा.पा.का समग्र सामाजिक प्रभावलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**चालु आ.व.का उपलब्धिहरु :**

- ❖ यस ब्याँस गाउपालिका अन्तर्गत रहेका तिन वटा माध्यमिक विद्यालयहरुमा ई- लाईब्रेरी पुस्तकालय स्थापना र विज्ञान प्रयोगशालाको स्थापना गरि शैक्षिक गुणस्तर अभिबृद्धी मा सुधार ल्याईएको छ।
- ❖ यस ब्याँस गाउपालिका अन्तर्गत रहेका १० वटा आधारभुत विद्यालयहरुमा कारपेट- पी फोम –टेबुल- फिल्टर वितरण गरि शैक्षिकगुणस्तरमा सुधार ल्याएको छ।
- ❖ यस ब्याँस गाउपालिका अन्तर्गत वडा नं.-३मा रहेको श्री सिद्ध मा.वि सिनामा मा दुई कोठे भवन निमार्ण गरिएको छ साथै यस ब्याँस गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा महिला मैत्री शौचालय निर्माण गरिएका छन्।
- ❖ यस. गा.पा अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको भौतिक संरचना मर्मत तथा कक्षा कोठाहरुको ब्यवस्थापन गरि शैक्षिक गुणस्तरमा सुधार ल्याईएको छ ।
- ❖ यस ब्याँस. गा.पा अन्तर्गत रहेको वडा नं. -४ स्थित श्री सम्पाल मा.वि सुन्सेरामा १८ महिने कृषि जे.टी.ए प्राविधिक शिक्षा संञ्चालन गरि यहाँका विद्यार्थिहरुलाई उक्त शिक्षा हासिल गर्न सहजता भएको छ ।
- ❖ विद्यालयहरुमा शैक्षिक सामग्रीहरु उपलब्ध गराई विद्यार्थिहरुलाई शैक्षिक पठन-पाठनमा आर्कशित गरि शैक्षिक गुणस्तरमा अभिबृद्धी ल्याएको छ ।
- ❖ विद्यालयहरुको भौतिक पुर्वाधार तथा संरचनामा सुधार भई सरोकारवालाहरुको जबाफदेहिता बढेको छ ।
- ❖ आर्थिक रुपले विपन्न, महिला,बृद्ध तथा अशक्तहरुको स्वास्थ्य सेवामा पहुँच बढेको छ ।
- ❖ धौलाकोट स्वास्थ्य चौकीमा ब्रर्थिङ सेन्टर संञ्चालन भएको छ।
- ❖ ब्याँस गा.पा अन्तर्गत वडा नं. -४ डोकट र वडा नं. -२को दुम्लिङमा सामुदायिक स्वास्थ्य एकाई केन्द्रको स्थापना भएको छ।
- ❖ स्वास्थ्य संस्थामा प्रसुती गराउने महिलाहरुको संख्यामा उल्लेखित बृद्धी भएको छ।
- ❖ प्रोटोकल अनुसार गर्भजाँच गराउने महिलाहरुको संख्यामा बृद्धी भएको छ।
- ❖ जेष्ठ् नागरिकको स्वास्थ्य प्रर्वद्धनको लागी प्रत्येक वडा तथा गाँउहरुमा आयुर्वेदिक स्वास्थ्य शिविर संञ्चालन गरि सर्म्पुण जेष्ठ् नागरिक हरुलाई सेवा प्रदान गरिएको छ ।
- ❖ यस गा.पा अन्तर्गत रहेका विपन्न तथा आर्थिक रुपले पिछीडिएका दिर्घकालिन मुटु क्यान्सर र मृगौला रोगी हरुलाई आर्थिक अनुदान उपलब्ध गरि उनीहरुको जिवन यापनमा सुधार ल्याईएको छ।
- ❖ स्वच्छखानेपानी सेवा उपलब्धताको विस्तारले आमनागरिकको जिवनशैलीमा सहजता आएको छ।
- ❖ यस गाउपालिका अन्तर्गत रहेका वडा हरुमा खानेपानी निर्माण तथा मर्मत गरि खानेपानीमा पहुचता अभिबृद्धी गरिएको छ।
- ❖ यस गा.पा अन्तर्गत रहेका प्रत्येक वडा हरुमा सरसफाई सम्बन्धी जनचेतना अभिबृद्धि गरि सरसफाईको पहुचमा अभिबृद्धि गरिईएको छ।
- ❖ जिल्लाकै एकमात्र आदिवासी जनजातीमा सुचिकृत ब्याँसीजाती तथा अन्य जातजातीहरुमासंस्कृतिक जागरुकता बढेको छ ।

- ❖ यस ब्याँस गाउपालिका अन्तर्गत रहेका विभिन्न जात जाती हरुको धार्मिक सांस्कृतिक पहिचान प्रर्वधन गर्ने उदेश्यले विभिन्न महोत्सव हरु संञ्चालन गरि संस्कृतिको संक्षरण भएको छ।
- ❖ यस ब्याँस गाउँपालिका मा द्रोस्रो गाउपालिका अध्यक्ष खुल्ला पुरुष भलिवल प्रतियोगिता संञ्चालन गरिएको छ। साथै प्रत्येक वडाहरुमा खेलकुद प्रति आर्कषित गर्नका लागी विभिन्न खेलकुद प्रतियोगीताहरु संञ्चालन गरिएका छन्।
- ❖ यस ब्याँस गाउँपालिका अन्तर्गत रहेका विभिन्न धार्मिक क्षेत्रहरुका मन्दिर निमार्ण तथा मर्मत गरि धार्मिक पर्यटकहरु लाई आर्कषित गराईएको छ।
- ❖ यस ब्याँस गाउँपालिका अन्तर्गत रहेका लक्षित वर्गहरुलाई जनचेतना अभिबृद्धी गरि जिवन स्तरमा सुधार ल्याएको छ।
- ❖ गा.पा भित्र रहेका विभिन्न पानीका स्रोत तथा मुहानहरु संरक्षण गरिएका छन।
- ❖ महिला लक्षित कार्यक्रम मार्फत महिला हरुको क्षमतामा अभिबृद्धि भई महिलाहरुमा सामाजिक सचेतना अभिबृद्धि भएको छ।

**चुनौतीहरु :**

- ➢ सामुदायिक बिद्यालयहरुमा भौतिक पुर्वाधार तथा दक्ष जनशक्तिको अभाव
- ➢ सामुदायिक विद्यालय सुधारका लागी अभिभावकहरुको संलग्नता र जवाफदेहीता बढाउन नसक्नु ।
- ➢ लक्षित वर्गका कार्यक्रमहरुमा नगदी मानशिकता कायम हुनु।
- ➢ गुणस्तरीय स्वास्थ्य सेवा को लागी आवश्यक औजार उपकरण र मापदण्ड अनुसारको भौतिक सुविधा तालिम प्राप्त जनशक्तिको कमी हुनू।
- ➢ ब्याँस गाउपालिका वडा नं-१ मा घुम्ति बसाई र भौगोलिक विकटताले स्वास्थ्य सेवा प्रवाहमा कमी।.
- ➢ खोप क्लिनिक र गाँउघर क्लिनिकको लागी भवन को ब्यवस्थानहुनु ।

### १.१.३ पूर्वाधार विकास :

यस गाँउपालिकाले स्थानीय सडक,पुल,सिंचाइ, भवन तथा सहरी विकास,उर्जा लघु तथा साना जलविद्युत, सञ्चार क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखि चालु आ.व. को अन्त्य सम्ममा **५ करोड ९९ लाख ८० हजार** रकम विनियोजन गरेको थियो । यसबाट यस गा.पा.का समग्र पुर्वाधार विकासको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**चालु आ.व.का उपलब्धिहरु :**

- ❖ हिलोमुक्त गाँउपालिका निमार्ण कार्यक्रम, पि.सि.सि.बाटोतथा घोरेटो बाटोहरुको निमार्ण तथा पुल–पुलेसा निर्माण मार्फत स्थानीय जनताको जिवनयापनमा सहजता आएको छ।
- ❖ खर छाप्रो मुक्त अभियानकार्यक्रम लाई निरन्तरता दिई गरिव- असाहय तथा असक्तहरु लाई आधारभुत आवास सेवाको उपलब्धता दिईएको छ।
- ❖ सौर्य, लघुजलविद्युत तथा विद्युतिय लाइन विस्तारद्धारा विद्युतीय सेवामा विस्तार भएको छ।

- ❖ रिबुधार र दामदाकोटमा NTC टावर निर्माणकार्य शुरु भई र कैचुला को टावरको क्षमता अभिबृद्धि गरी गाउँपालिकावासीले संचारसेवाको उपयोग गर्ने वातावरणको सिर्जना भएको छ ।
- ❖ धौलाकोट देखि सुन्सेराको माडगाउ सम्म सडक संजाल जोडनसडकको डिपिआर तयार भएको छ
- ❖ यस ब्याँस गाउपालिका अन्तर्गत प्रत्येक वडा हरुमा रहेका झोलुङगे पुलहरुको गुरुयोजना तयार गरिएको छ
- ❖ यस ब्याँस गाउपालिका अन्तर्गत घोरेटो बजार देखी मालिकार्जुन मन्दिर सम्मको सडक दरवा चन्दाकोट हुती स्वास्थ्य चौकी सम्म सडक तिग्रम पुल देखी नयाँ सडक सम्मको सडक डोकट देखी गाउपालिका जोडने सडक को डी.पी.आर तयार भई सडक निर्माण कार्य संञ्चालनमा रहेको छ ।
- ❖ दुम्लिङ देखी दार्चुला तिंकर घोरेटो बाटो मर्मत गरि आवत -जावतामा सहजताभएको छ ।
- ❖ धौलाकोट मा.वि देखी हुती बनानी सम्म को सडक निमार्ण कार्य संञ्चालनमा ल्याएको छ ।

**चुनौतीहरु :**

- ➢ विद्युतीय सेवाकोविस्तार गर्न सौर्य, लघुजलविद्युत तथा विद्युतिय लाइन विस्तार एवं जडान गर्न नसक्नु।
- ➢ भौगोलिक कठिनाई, छरिएर रहेको बस्ती लगायतका कारणले पूर्वाधार निमार्णमा उच्च लागत हुनु ।
- ➢ स्थानिय सडक निमार्णमा जग्गा विवादको कारणले काममा गती आउन सकेको छैन ।
- ➢ आवश्यकताको आधार भन्दा पनी प्रतिशप्रदाको आधारमा बाटो माग गर्न प्रवृती बढेको छ ।
- ➢ स्थानिय हरुमा अवनत्वको भावनामा बृद्धी विकास भएको छैन ।
- ➢ स्थानियहरुमा जनश्रमदानको भावना पनि आशिक रुपमा कमी देखीएको छ ।
- ➢ तोकिएको समयमा विकास कार्य हरु सम्पन्न नहुन ।

**१.१.४ वातावरण तथा विपद् व्यवस्थापन :**

यस गाउँपालिकाले वन, जलाधार संरक्षण,वातारण संरक्षण,ढल व्यवस्थापन जलउत्पन्न प्रकोप नियन्त्रण,विपद् व्यस्थापन क्षेत्रलाई उच्च प्राथमिकतामा राखि चालु आ.व. को अन्त्य सम्ममा **६९ लाख २० हजार** रकम विनियोजन गरेको थियो । यसबाट यस गा.पा.का समग्र वातावरण संरक्षण एवं विपद् व्यवस्थापनको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**चालु आ.व.का उपलब्धिहरु :**

- गा.पा.को क्षेत्र भित्र वृक्षारोपणका कार्यक्रमहरु संञ्चालन गरिएका छन ।
- विपद्कालिन समयमा राहत तथा उद्दार सामग्रीहरुको उपलब्धता भएको छ ।
- विपद् व्यवस्थापन कोषको स्थापना गरिएको छ ।
- विपद् बाट क्षति भएका घरधनिहरु लाई राहत वितरण गरिएको छ ।
- गा.पा.को क्षेत्र भित्ररहेका समपुर्णसामुदायिक वनहरुको नविकरण गर्नअपी नम्पा संरक्षण संग आवश्यक समन्वय गरि नविकरण गर्ने कार्य संञ्चालन गरिएका छ ।

- जलबायु अनुकुलित कार्यक्रम अन्तर्गत वडा नं.-२ स्थित चौरा कृषक समुह मार्फत जलबायु अनुकुलित कार्यक्रम संञ्चालन गरिएको छ।
- गाँउपालीका भित्र रहेका जोखिम पुर्ण ठाँउ हरुमा जोखिम न्युनिकरण गर्नका लागी आवश्यक पहल गरिएको छ।
- गाँउपालीका भित्र का जमिन कटान हुने क्षेत्र हरुमा ढल निकास को व्यवस्थापन गरिएको छ।

**चुनौतीहरु :**

- समग्र बन जंगलको ब्यवस्थापनको सम्बन्धमा अपि नाम्पा संरक्षण क्षेत्र कार्यालयसंग समन्वय र सहकार्य नहुनु ।
- जलवायु परिवर्तनका प्रतिकुल असरहरुबाट प्राकृतिक स्रोत साधन एवं जीवजन्तुको संरक्षर्णगर्न नसक्नु ।
- विपद् ब्यवस्थापन योजना निमार्ण आवश्यक देखीएको छ। विपद् बाट हुने जोखीम न्युनिकरण गर्नेका लागी आम -जनसमुदायमा जनचेतना फैलाउन नसक्नु।

### १.१.५ संस्थागत विकास,सेवा प्रवाह र सुशासन :

यस गाउँपालिकाले सुचना प्रविधिको विकास, पञ्जिकरण व्यवस्थान,स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रर्वद्धनसुचना प्रभाह सार्वजानि सनुवाई सार्वजानिक परिक्षण लाई उच्च प्राथमिकतामा राखि चालु आ.व. को सम्ममा **२० लाख ८० हजार रकम** विनियोजन गरेको थियो ।

**चालु आ.व.का उपलब्धिहरु :**

- गाउँपालिका तथा वडा तह सम्म सूचना प्रविधिमा पहुँच बढेको छ ।
- यस गाउपालिका गाँउ कार्यपालिकाको कार्यालयमा ई- सुचना पार्टी संञ्चाचलन मा ल्याउको छ।
- ब्याँस गाउपालिकाको कार्यालय तथा प्रत्येक वडा कार्यालमा नागरिक वडा पत्रको ब्यवस्था गरी सेवा प्रभाव लाई प्रभावकारी तथा पारद्रर्शीता ल्याईएको छ।
- ब्याँस गाउपालिका कार्यालयको प्रत्येक कोठाहरुमा सि.सि. क्यामेरा जडान गरी सेवा प्रभाव गुणस्तर ल्याएको छ।
- ब्याँस गाउँपालिका कार्यालय ले सुचना प्रवाह गर्न मोवायल एप्स संञ्चालनमा ल्याएको छ।
- गाउँपालिका तथा वडा कार्यालयहरुमा योजना तथा कार्यकमहरुको समिक्षा गर्न सार्वजनिक सुनवाइ गर्ने परिपाटिको विकास भएको छ ।
- सुचना अधिकारीको ब्यवस्था गरिएको र गुनासो पेटीका संञ्चालन ल्याईएको छ।

**चुनौतीहरु :–**

- नेपाल सरकारले स्वीकृत गरेको अन्तरिम दरबन्दी संरचना बमोजिमका जनशक्तिको प्राप्त नभई सेवा प्रभावमा कठीनाई हुनु ।
- कर्मचारी तथा जनप्रतिनिधि सार्वजानिक सेवा प्रभाव सम्बन्धी क्षमता विकास को अभिबृद्धि गर्न नसक्नु।

आदणिय यस शभाका अध्यक्ष महोदय,उपस्थित गाउ शभा सदस्य ज्यु हरु, अब म **आ.व.- २०७६/०७७**को वार्षिक नीति, कार्यक्रम तथा बजेट सम्मानित सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## खण्ड–२अगामी आ . व . . २०७६ / ०७७ को निति तथा कार्यक्रम

**२.१.१सोच :**

गाउँपालिकाबासीहरुमा स्थानीय सरकारको प्रत्यक्ष अनुभुति गराई “न्यायपुर्ण, समतामुलक, समृद्ध एवं शुसासन को माध्यमद्धारा सुखी गाउँपालिका समृद्ध गाउँपालिका " निमार्ण गर्ने सोच लिईएको छ ।

**२.१.२ लक्ष्य :**

सार्वजनिक सेवा प्रवाह एवं विकास निमार्णलाई चुस्त,मितव्ययी, पारदर्शी एवं प्रभावकारी बनाइसमाजमा ब्याप्त गरिवि, असाक्षरता, असमानताएवं सामाजिक विकृति विसंगतिहरु हटाई सम्पुर्ण गाँउपालिकाबासीहरुको जीवनस्तरमा सुधार ल्याई आर्थिक सामाजिक रुपान्तरण गर्ने ।

**२.१.३, उद्देश्य :**

- गाँउपालिकावासीका जीवनयापनका न्युनतम आधारभुत आवश्यकताहरु शीघ्र परिपुर्ति गर्दै चरम गरिवी, विपन्नता र पछौटेपनको अन्त्य गर्ने ।
- कृषि,प्रयर्टन,जलस्रोत, बनजंगल,जडिबुटी एवं भौतिक पूर्वाधारको विकास र विस्तार गरि गाउँपालिकालाई आर्थिक समृद्धि तर्फ उन्मुख गराउनु ।
- उर्जा,सडक,सुचना तथा सञ्चार र ग्रामीण-शहरी तथा त्रिदेशीय आवद्धता विकासका लागि पुर्वाधार निमार्ण गर्ने ।
- आधारभुत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई क्षेत्रको विकास गरि मानव विकास सुचकाङ्कमा सुधार गर्ने ।
- सार्वजनिक सेवाका क्षेत्रहरुमा पहुँच, उपयोग र गुणस्तर अभिवृद्धी गरि सुशासन कायम गर्ने ।

**२.२ बार्षिक नीति तथा कार्यकम र बजेट तर्जुमा गर्दा अवलम्वन गरिएका नीति तथा आधार**

- नेपालको संविधानले प्रत्याभुत गरेका मौलिकहकअधिकारहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु ।
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४
- संघीय, प्रादेशिक नीति कार्यकम तथा वजेट २०७५
- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जन)
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु तथा संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु

- दिगो विकास लक्ष्यले निर्धारण गरेका प्रमुख क्षेत्रहरु
- स्थानीयस्रोत साधन, ब्याँसपालिकाका जनताहरुका अपेक्षा, आवश्यकता, माँग र सुझावहरु

**२.२.१ क्षेत्रगत नीति तथा आधारहरु :**

**(क) आर्थिक क्षेत्र** : आर्थिक क्षेत्रको कार्यक्रम र बजेट तर्जुमा गर्दा माथि उल्लेखित समग्र नीति तथा आधारहरुको साथ साथै, गरिबी निवारणमा योगदान पुऱ्याउने, छिटो प्रतिफल दिने, उत्पादन मुलक रोजगारी बृद्धी गर्ने, स्थानीय स्रोत र सीपमा आधारित कार्यकमहरु छनौट गर्ने नीति र आधार लिइएको छ ।

**(ख) सामाजिक क्षेत्र :** सामाजिक क्षेत्रको कार्यक्रम र वजेट तर्जुमा गर्दा जनताहरुको प्रत्यक्ष सेवा सुविधामा पहुँच वढाउने, समावेशीविकास, सशक्तीकरण ,सास्कृतिक र भाषिक विकासलाई आधारको रुपमा लिइएको छ ।

**(ग) पूर्वाधार क्षेत्र** :दिगो विकासको अवधारणा, आय आर्जनमा टेवा पुऱ्याउने, जनसहभागिता हुने, गत विगतका अधुरा योजनाहरु, गाँउपालिका स्तरीय महत्वका कार्यकमहरुका आधारमा पूर्वाधार क्षेत्रका कार्यकमहरु छनौट गर्ने नीति लिइएको छ।

**(घ) वातावरण तथा विपदव्यवस्थापन क्षेत्र** :दिगो विकास र वातावरण संरक्षण गर्ने, प्राकृतिक विपद् न्यूनीकरण गर्ने, विपद् ग्रस्त नागरिकहरुलाई उद्धार तथा राहत उपलव्ध गराउने, विपद् व्यवस्थापनमा टेवा पुऱ्याउने आधारमा कार्यकम छनौट गर्ने नीति अवलम्वन गरिएको छ ।

**(ङ) संस्थागत बिकास, सेवा प्रभाव र सुशासन क्षेत्र :** जनमुखी प्रशासन, प्रशासनिक क्षमता अभिवृद्धी, प्रशासनिक भौतिक संरचना निर्माण, पारदर्शीता, जवाफदेहिता, कानूनको पालनामा टेवा पुऱ्याउने आधारमा कार्यकम छनौटको नीति अवलम्वन गरिएको छ ।

**२.३ आगामी वर्षको निति बजेट तथा कार्यक्रमः**

**२.३.१.आर्थिक नीति**

- ❖ तुलनात्मक लाभ र प्रतिष्पर्धात्मक क्षमता भएका कृषियोग्य क्षेत्रहरुलाई पकेट क्षेत्रको रुपमा विकास गर्ने
- ❖ कृषि पेशालाई मर्यादित र ब्यवसायिक बनाउने ।
- ❖ कृषि तथा पशु को क्षेत्रमा विमा कार्यक्रम लागू गर्ने ।
- ❖ किसानहरुलाई कृषि औजार मल बिउ तथा उपकरण खरिदमा अनुदान उपलब्ध गराउने ।
- ❖ प्रर्यटकिय क्षेत्रहरुको पहिचान, प्रचार प्रसार, संरक्षण एवं प्रबद्धर्न गर्ने ।
- ❖ पर्यटकिय मार्गहरुको पहिचान गर्ने ।
- ❖ विभिन्न NGO and INGO संस्था हरु संगा समन्वय र सहकार्य गरि प्राकृतिक स्रोत हरुको पञ्च वर्ष अध्यावधिक योजना तयार गर्न पहल गर्ने ।
- ❖ पञ्च वर्ष लघु उद्यमी रणनिति तयार गरि गाउ स्तरमा लघु उद्यम माफत रोजगार सजना गने
- ❖ युवाहरुमा स्वरोजगारका अवसर सृजना गर्ने ।
- ❖ वित्तिय सूचना प्रणाली सबल एवं सक्षम बनाउने ।
- ❖ स्थानीय सीप, स्रोत एवं प्रविधिमा आधारित उद्योगलाई प्रश्रय दिने ।
- ❖ तुलनात्मक लाभ र प्रतिष्पर्धात्मक क्षमता भएका बस्तु तथा सेवाको पहिचान गरि प्रबर्द्धन गर्ने ।

- ❖ एक गाँउ विकास समिति एक कृषि र पशु सेवा प्राविधिक व्यवस्थापन सम्बन्धी निर्देशिका २०७३ को अनुसुचि २ अनुसार लोक सेवा आयोगको प्रक्रिया पुरा गरि करार सेवा मा नियुक्त गरिएका कृषि र पशु सेवा प्राविधिक हरु लाई निरन्तरता दिईने छ ।
- ❖ थप वडामा एक / एक जना कृषि र पशु स्वास्थ्य प्राविधिकहरुको व्यवस्था गरी बाली तथा पशु सम्वन्धि रोग निदानका साथै आधुनिक कृषि पाठशाला तथा सामुदायिक ज्ञान केन्द्र संचानल गरिनेछ ।
- ❖ खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन साना सिंचाई, प्लास्टिक पोखरी,विभिन्न प्रविधिमा आधारित सिचाई,पानी रिचार्ज पोखरी निर्माणमा जोड दिइनेछ ।
- ❖ ठूला सिंचाई योजना तथा ठूला कृषि अभियान संचालनका लागि प्रदेश तथा संघीय सरकार संग सहकार्य गरिनेछ।
- ❖ पधानमन्त्री रोजगार अन्तरगत संचालित कार्यकमलाई प्रत्यक्षविकाससंग जोडेरस्थानीय जनताकोसिप, क्षमता र योग्यता अनुसार वेरोजगारहरुका लागी न्युनतम रोजगारीको सुनिशचता गरि आय आजर्नमा बृद्धि गिरने छ।
- ❖ एक गाउँ एक सहकारीको अवधारणालाई टेवापुयउन समुदायमा आधारित संस्थाहरुलाई वित्तिय साक्षरता सम्वन्धी कार्यकमहरुसंग जोडदै सहकारी संस्थाहको व्यवस्थापनमा जोडिदईनेछ साथै लघु वित्तिय तथा वीत्त संस्थाहरुलाई ब्याँस गाउँपालिका क्षेत्रमा स्थापनाका लागी जोड दिईने छ।
- ❖ प्रत्येक व्यक्तिलाई उत्पादन संग जोड्न कृषि, पशुपालन, बन, जडिबुटी , खनिज पदार्थ, पर्यटन, प्राकृतिक स्रोतमा आधारित भएर सीपमूलक लघु उद्यम कार्यक्रम सञ्चालन गरिनेछ र स्वरोजगार वन्न प्रेरित गरिने छ

### २.३.२.आर्थिकक्षेत्र तर्फको बजेट तथा कार्यक्रम : –

आ.व.२०७६/०७७ मा यस गाँउपालिकाले आर्थिक विकास लाई उच्च प्राथमिकतामा राखि कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी क्षेत्र तथा वित्तिय क्षेत्रमा संघ तथा प्रदेश सरकारले उपलब्ध गराएको शसर्त अनुदान बाहेक वित्तिय सामानीकरणबाट **९३ लाख ३५ हजार** रकम विनियोजन गरिएको छ। यस क्षेत्रमा गरिने मुख्य क्रियाकलापहरुलाई देहाय बमोजिम हुने गरि प्राथमिकिरण गरिएको छ ।

- ❖ तुलनात्मक लाभ र प्रतिष्पर्धात्मक क्षमता भएका कृषियोग्य क्षेत्रहरुलाई.लाई पकेट क्षेत्रको रुपमा घोषित गरि आलु, राजमा, ओखर,सुन्तोला,स्याउ,लसुन,अलैचि, खेतिको विकास गर्न ब्यास कृषि विकास कार्यक्रम संचालन गरिने छ ।
- ❖ किसानहरुलाई कृषि औजार उपकरण ,कोल्ड स्टोर तथा साना सिंचाई प्रविधि पाइप, नहर पोखरी,डीप सिंचाई, स्प्रिकल आदी उपकरण उपलब्ध गराउन अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- ❖ प्राकृतिक विपत्ति तथा अन्य घटनाबाट हुने क्षतिबाट कृषकहरुलाई कृषिजन्य बस्तु तथा पशुहरुको क्षतिपूर्ति न्युन गर्न **कृषि तथा पशुविमा कार्यक्रम** लागू गर्न पहल गरिनेछ ।
- ❖ सरकारी, निजि तथा सहकारीको साझेदारीमा लघु उद्यम स्थापना गरि रोजगारीका अवसरहरु सृजना गरिने छ ।
- ❖ किसानहरुलाई मल, बिउ, औषधि लगायतका सुविधा एकै स्थलबाट उपलब्ध गराउन एग्रोभेट पसल संचालन गर्न पहल गरिने छ ।
- ❖ “हाम्रो गाँउपालिकारमणिय गाउँपालिका” भन्ने नाराका साथ पर्यटन प्रर्बद्धन गर्न आगामी वर्ष **भिजिट ब्याँस** २०१९/२०२० अभियानसञ्चालन गरिने छ ।

- आन्तरिक तथा बाह्य पर्यटकहरुलाई यस गा.पा.का पर्यटकिय क्षेत्रहरुमा आर्कषित गर्न**गोतु तातोपानी देखि ब्रमदह-सिद्धटोपी हुदै रानीकोट्टा**, डोब,सिद टोपि**मल्ला दुम्लीङ देखि शिवताल**,**सिना सगरचोरा देखि सुन्सेरा को सम्पाल मन्दिरसम्म**पर्यटकिय पदमार्गनिमार्ण गरिनेछ ।
- .पर्यटकिय सम्भाव्यता भएका क्षेत्रहरुको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न डोकुमेन्ट्री तयार गर्ने तथा डिजिटल मेपिङ्गको कार्यलाई अगाडि बढाइने छ । पर्यटकीय सेवा सुविधा विस्तार गर्न Home stay हरुकोव्यवस्था गरिने छ ।
- कैलाश भुमी पवित्र भुमी लिपुलेख कालापानी हाम्रो भुमी राष्ट्रिय स्तरमा प्रचार प्रसार तथा कालापानी क्षेत्रमा मन्दिर निमाण गर्न आवश्यक पहल गर्ने ।
- यस गाँउपालीकाको वडा नं. १ छाङ्रु मा रहेको ब्याँस गुफा लगायत गाउपालिकाभित्र रहेका धार्मिक तथा पर्टकीय स्थलहरूलाइ राष्ट्रिय स्थरमा प्रचार प्रशार तथा प्रर्यटन प्रबर्द्धन गर्न बिशेष पहल गरिने छ ।
- **हाम्रा युवा हाम्रा सम्पत्ति हुन** भन्ने नाराका साथ यस गा.पा.का बेरोजगार युवाहरुलाई सिप विकास तथा तालिमको माध्यमबाट स्वरोजगारका अवसर सृजना**गर्न अध्यक्ष युवा स्वरोजगार कार्यक्रमसंचालन गरिने छ।** बैदेशिक रोजागारबाट फर्केका युवाहरुलाई बैदेशिक रोजागारीको सिलसिलामाआर्जन गरेका ज्ञान, सिप तथा दक्षता उपयोग गर्न कृषिमा आधारित उद्योग स्थापना गर्न विशेष जोड दिइने छ ।
- **जन जनको खाता बैंकसंग हाम्रो नाता** भन्ने नाराका साथ बैंकमा खाता खोल्न प्रोत्साहन गरि वित्तिय सूचना प्रणाली व्यवस्थित बनाइने छ ।
- तुलनात्मक लाभ र प्रतिष्पर्धात्मक क्षमता भएका स्थानीय प्रविधि,सिप,स्रोत साधनमा आधारित उद्योगलाई प्रश्रय दिइने छ ।
- सहकारी क्षेत्रको विकास र प्रबर्द्धन गर्न जनचेतनामुलक क्रियाकलाप संञ्चालन गरिने छन ।
- कृषिपेशामा सलग्न सम्पुण घरधुरिमा व्यवस्थित घरवारिको अवधारणा ल्याइनु कासाथै कशक पाठशाला मार्पत कर्षी पविधि मा जेड दिइने छ ।

### २.३.३ सामाजिक विकासः

**सामाजिक बिकास नीति**

- शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निमार्ण एवं संरचनात्मक सुधार गर्ने ।
- विद्यार्थी संख्या, भौगोलीक अवस्था लगायत को आधारमा विद्यालयहरुको व्यवस्थापन गर्ने ।
- सीपयुक्त एवं व्यवसायीक शिक्षा प्रणाली अबलम्बन गर्ने ।
- गा.पा.स्तरिय विद्यालयहरुको शैक्षिक क्रियाकलापहरुमा एकरुपता कायम गर्ने ।
- गा.पा. भित्रका स्वास्थ्य चौकिहरुको स्तरोउन्नति एवं सुधारलागि आवश्यक पूर्वाधार निमार्ण गर्ने ।
- गुणस्तरिय स्वास्थ्य सेवाको प्रत्याभुति गर्न स्वास्थ्य संस्थाहरुका लागि आवश्यक उपकरण व्यवस्था गर्ने
- स्वास्थ्य सेवामा आम नागरिकको पहुच अभिबृद्धि गर्ने ।
- सांस्कृतिक प्रर्बद्धन गर्न छिमेकि मुलुकका स्थानीय सरकारहरुसंग आवश्यक साझेदारी गर्ने ।
- समाबेशी विकासको अवधारणा अनरुप दलित, महिला, आदिवासी जनजाती लगायतको उत्थान गर्ने ।

- सामाजिक विकृति एवं विसंगतिको रुपमा रहेका छाउपडि, छुवाछुत वालविवाह लगायतका प्रथाको उन्मुलन गर्ने ।
- विभिन्न जात जातिका भाषा, भेषभुषा रहनसहन तथा संस्कृतिको संरक्षण गर्ने ।
- खेलकुद क्षेत्रको विकास गर्न प्रबद्धनात्मक क्रियाकलाप संचालन गर्ने ।
- सस्थागत सुत्केरी गराउन आमाहरुलाइ प्रोत्साहन गर्ने ।
- स्वास्थ्य सेवा लाइ पत्यक्ष जनता सग पुयाउन महिला स्वास्थ्य स्वयम सेविका परिचालन गाउघर क्लिनिक सुदृढिकरण तथा स्वास्थ्य सस्थाको स्तरोउन्नित गिरने छ ।
  - गाउँपालिकालाई पूर्ण सरसफाइ उन्मुख बनाउन सार्वजनिकस्थल, मठमन्दीर, विद्यालयहरुमा "खानेपानी सरसफाई, स्वच्छता र वातावरणीय सुधार कायर्क्रम" संचालन गिरने छ ।उक्तकायर्क्रम अन्तरगत सार्बजानिक स्थल, मठमन्दीर, विद्यालयहरुमा स्वच्छ खानेपानी तथा शौचालयहकोनिमार्ण गिरने छ
  - खानेपानी योजनाहलाईदिगो बनाउन योजनाहमा अनिर्वाय ममर्त सम्भार कोष लागु गरिने छ।गाउँपालिका स्तरमा समेत खानेपानी योजनाहरु सुचाना संञ्चालन गर्न र आकश्मिक ममर्त सम्भारका लागी विशेष ममर्त सम्भार कोष खडा गरि कायार्न्वयनमा ल्याईने छ।
  - गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्न सरसफाइ स्वच्छता रणनैतिक कार्यविधि निमार्ण गरी कायार्न्वयन गरिनेछ।खानेपानी, सरसफाइ तथा स्वच्छता, आयआजर्न जन्य गतिबिधीहलाई नतिजामुखी बनाउन व्यास गाउँपालिकाको कुनै एक बस्तीलाई नमुना बस्ती बनाउन साझेदारहरुसंग समन्वय गरि चालु आ.ब. भित्रनै कायार्न्वयनमा ल्याईने छ।
  - ब्यास गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा कक्षा ४ र ५ मा जलवायु परिवर्तन सम्बन्धी पाठ्यक्रम लागु गरिने छ ।

विकासमा अन्तरक्षेत्रीय सवालहरुलाई मुलपभाविकरण गर्नजस्तै जलवायु पिरवतर्न अनुकुलन,विपद तथा जोखिम व्यवस्थापन, तथा पोषण सूरक्षा, लैगिंक समावेशीकरण तथा सामाजिक समावेशीकरण, वातावरण मैत्री स्थानीय शासन, बाल मैत्री स्थानीय शासन,भिन्न क्षमता भएका(अपाग) अनुकुलित कार्यकम संचालनलाई निरन्तरता दिईनेछ। साँथै अपांगता भएका ग र घ वर्गका ब्यक्तीहरुलाइ पनि राहतका कार्यक्रमहरु संचालन गरिने छ ।

- ➢ गरीबी न्यूनीकरण, मिहला/आिदवासी/जनजाति/दिलत/एकल मिहला र अशक्त तथा भिन्न क्षमता भएका व्यक्तिहरुको क्षमता अभिबृदिगर्न साथै सहज जीवनयापनका लागि तालीम अभिमुखिकरण जस्ताबिशेष कायर्क्रमहरुलाईनिरन्तरतादिईनेछ साथै गरिव पहिचान कायर्क्रमलाई समेत चालु आ.ब.मा निरन्तरता दिइने छ
- ➢ गाउँपालिका भित्रका भौतिक पुबाधार्र क्रियाकलापहलाई अझै गुणस्तिरय बनाउन गाउँपालिका भित्र काम गदे आएका ज्यामी/दक्ष कामदारलाई सम्विन्धत तालिमदाता साझेदारनिकायहको समन्वयमा भुकम्प रहित संरचनानिमार्ण लगायतका तालिम अनुदान दिई क्षमतावान बनाईनेछ।
- ➢ गाउँपालिकालाई बाल श्रम मुक्त घोषणा कायम गर्न बाल श्रम लाइ पूर्ण रुपमा बन्देज र दण्डिनय बनाउन बालक्लबहलाई अभिमुखिकरण तालिम दिई परिचालन गिरने छ।

- सामाजिक सुरक्षा कायर्क्रमलाई अझै प्रभावकारी बनाउन घरघरमा सेवा उपलब्ध गराउनुका साथै वित्तियसंस्थाहरु संगको समन्वयमा बैङिकपणाली मार्फतवितरण गर्न आवश्यक पहल गिरनेछ।
- सरकारी तथा गैर सरकारी संस्थाहरुबाट सम्पादन गिरने कायर्क्रमलाई अझै पभावकारी बनाउन संस्थाहरु विचको समन्वयात्मक बैठक चालु आ.ब. देखी निरन्तर आयोजना गिरने छन् साथै सेवा प्रवाह विषयलाई ब्यविस्थत गर्नएकिकृत योजना तथा एकाद्धार प्रणाली लागु गिरने छ।

- खेलकुद क्षेत्रमा गाउँपालिकाको पिहचान बनाउन तथा क्षेत्रगत विकास गर्न खेलकुदको क्षेत्रमा रहेका प्रतिभाहरु लाई हौसला एंव सम्मान कर्यक्रमलाई निरन्तरतादिईने छ साथै गाउँपालिका क्षेत्रका सामुदायिक माध्यिमक विद्यालयहरुमा कार्यरत शिक्षकहरु मध्ये एक विद्यालय एक खेल शिक्षकनिधार्रण गरि नियमित खेलकुद तथा अतिरक्त क्रियाकलापह संञ्चालन गरिने छन।
  - दिलत, विपन्न,सिमान्तकृत तथा लोपोन्मुख समुदायका जेहन्दार बालबालीकाहलाई उत्साहित गर्न स्थापित जेहन्दार छात्रवृति विकास कोष लाईनिरन्तरतादिईने छ

**२.३.४ सामाजिक विकास तर्फको बजेट तथा कार्यक्रम**

आ.व.२०७६।०७७ मा यस गाँउपालिकाले सामाजिक विकास मार्फत मानव विकास सुचकांकमा अभिबृद्धि गर्ने लक्ष्यका साथ शिक्षा, स्वास्थ्य खानेपानी लगायतका क्षेत्रमा संघ तथा प्रदेश सरकारले उपलब्ध गराएको शसर्त अनुदान बाहेकवित्तिय सामानीकरणबाट१ करोड २६ लाख १० हजार रकम विनियोजन गरिएको छ। यस क्षेत्रमा गरिने मुख्य क्रियाकलापहरुलाई देहाय बमोजिम हुने गरि प्राथमिकिरण गरिएको छ ।

- सीमा नाकामा अवस्थित स्थानीय नागरिकहरुविच एक आपसमा सामाजिक सांस्कृतिक पक्षहरु आदान प्रदान गर्न छिमेकि मुलुकका स्थानीय सरकारहरुसंग आवश्यक साझेदारी गर्न **"we wish to unite our culture"** भन्ने नाराका साथ **त्रिदेशिय ब्यास सास्कृतिक महोत्सव** आयोजना गरिने छ ।

- शैक्षिक गुणस्तर अभिबृद्धि गर्न विगतको **शैक्षिक गुणस्तर अभिबृद्धि कार्यक्रम** लाई निरन्तरता दिइएको छ ।
- **जागरुक अभिभावक दक्ष शिक्षक सृजनशिल विद्यार्थी** अभियानलाई सफल बनाउन यस आ.व. भित्र गा.पा. भित्रका विद्युतिय सुविधा भएका विद्यालयहरुमा **E-attendance system** लागु गरि शिक्षकहरुलाई जवाफदेहि बनाइने छ ।
- ब्यास गाउपालिकामा स्थित सम्पूर्ण विद्यालयहरुको परिक्षा प्रणालीमा एकरुपता ल्याउन कक्षा १ देखि १० सम्मको एकिकृत प्रश्न पत्र निमार्ण कार्यलाई अगाडि बढाउनका साथै सम्पूर्ण विद्यालयहरुको **एकिकृत शैक्षिक क्यालेण्डर निमार्ण** गरिने छ ।
- अपी नाम्पा क्याम्पस स्तरोन्नतीका लागि पहल गरिने छ ।
- यस गा.पा.को विद्यालयहरुमागणित विषयको शिकाइ उपलब्धि अन्तन्त न्यून रहेकोमा सोका विभिन्न कारकहरु पहिचान गरि सुधारका लागि **सर्न्दभ सामग्री सहित**को सिकाईलाई लागू गर्न आवश्यक पहल गरिने छ ।
- आधारभुत तहमा विद्यार्थी भर्ना दर लाई शत प्रतिशत पुरयाइने छ ।
- आधारभुत तहका विद्यलयहरुमा कक्षा कोठा व्यवस्थापन गर्न कार्यलाइ निरन्तरता दइने छ ।

- स्वास्थ्य चौकिहरुको स्तरोउन्नति एवं सुधारलागि आवश्यक पूर्वाधार निमार्ण, उपकरण खरिद लगायतका कार्यलाईअगाडि बढाउन संघ, प्रदेश तथा गैरसरकारी क्षेत्रसंग समन्वय गरिने छ ।
- बृद्ध अशक्त एवं असाहायलाई मध्यनजर गरि **निशुल्क ब्यास स्वास्थ्य शिविर** संचालन गरिने छ ।
- आगामी आ.व.मा गाउपालिकाको केन्द्रको रुपमा रहेको सुनसेरामा १५ शैयाको प्राथमिक स्वास्थ्य केन्द्र निमार्णका लागि पहल गरिने छ ।
- अधारभुत स्वास्थ्य सेवाको पहुच आम नागरिक सम्म पुरयाउन गत आ.व.मा गा.पा.द्धारा संचालित मुटु,मृगौला तथा क्यानसरका विरामी हरुलाई अनुदान दिने लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।
- यस गा.पा.भित्रका स्वास्थ्य चौकिहरुमा निशुल्क रुपमा पाइने औषधिहरुप्रयाप्तमात्रामा उपलब्ध गराइने छ ।
- गाउपालिकालाई पूर्ण संस्थागत सुत्केरी गाउपालिकाको रुपमा अगाडी बढाउन संस्थागत क्षमता अभिबृद्धि गरिने छ ।
- विकासको प्रतिफल सम्पूर्ण गाउपालिकाबासीहरुमा न्यायोचित ढंगले वितरण गर्ने लक्ष्यका साथ अपाङ्ग, दलित, महिला, आदिवासी जनजाती लगायतको उत्थानका लागि **लक्षीत बर्ग कार्यक्रम संचालन** गरिने छ ।
- **बढाउ पाइला जागरुक महिला** नाराका साथ महिला सशक्तिकरणका लागि ब्यास महिला ससक्तिकरण कार्यक्रम संचालन गरिने छ ।
- सामाजमा ब्याप्त महिला हिंसा अन्त्य गर्न **उपाध्यक्षसंग महिला हातेमालो कार्यक्रम** संचालनगरिने छ ।
- नेपाल सरकारको बहुक्षेत्रिय पोषण योजनाले निर्दिष्ट गरेका कार्यक्रमहरु तदारुपताका साथ अगाडी बढाइने छ ।
- दलित जातिमा रहेको परम्परागत शिल्पकलालाई थप उर्जासील बनाउन **दलित स्वरोजगारका कार्यक्रम**हरु संचालन गरिनेछन ।
- सामाजमा ब्याप्त जातिय छुवाछुत सम्बन्धी विभेद अन्त्य गर्न **जातिय भेदभाव मुक्त ब्यास अभियान** संचालन गरिने छ ।
- यस गा.पा.को वडा नं ५ को स्याकु पञ्चखलीमा पुरातात्विक महत्वको रुपमा रहेको **महादुर्गा भवानीको ताउलो** रहेको **स्याकु संग्रहालय** र जिल्लाकै एक मात्र आदिवासी जनजातिको रुपमा सूचिकृत रहेको ब्यासी जातिको परम्परागत सांस्कृतिक धरोहरको संरक्षण गर्न ब्यास गा.पा.वडा नं. २ राप्लामा स्थापना भएकों **संग्रालयलाई व्यवस्थित गरिने छ** ।
- खेलकुद क्षेत्रको विकास गर्न फिल्ड निर्माणगरिनुका साथै यस गा.पा.मा रहेका गैर सरकारी संस्था र युवा क्लबहरुको क्षमता अभिबृद्धि गरिने छ ।
- खेलकुदका माध्यमद्धारा दार्चुला जिल्लामा रहेका स्थानीय तहहरु बिच अन्तर स्थानीय तह सम्बन्ध कायम गर्न पालिका स्तरीय **अध्यक्षमहिला तथा पुरुष भलिबल सिल्ड प्रतियोगिता** गराइने छ ।

## २.३.५पूर्वाधार बिकास

### पूर्वाधार बिकास नीति

- जनताको आधारभुत आवास सेवाको प्रत्याभुति गर्ने ।
- पालिका स्तरिय सडक सञ्जालको विस्तार गर्ने ।
- भवन निमार्ण लाई ब्यवस्थित गर्न भवन निमार्णआचारसंहिता निमार्ण गर्ने ।
- गोरेटो बाटो निमार्णमा तिर्बता दिने ।
- काठे पुललाई विस्थापन गर्ने ।
- खनिज पर्दाथको उत्खननका लागि अनवेक्षण गर्ने ।
- विद्युत उत्पादन तथा लाइन विस्तार गर्ने ।
- गुणस्तरिय सञ्चार सेवा सुनिश्चिचता गर्ने ।

## २.३.६पूर्वाधार विकास क्षेत्र :

आ.व.२०७६।०७७ मा यस गाँउपालिकाले पूर्वाधार निमार्णलाई उच्च प्राथमिकतामा राखि पूजि निमार्णको कार्यलाई तदाकरुपताका साथ अगाडि बढाउन क्षेत्रमा संघ तथा प्रदेश सरकारले उपलब्ध गराएको शसर्त अनुदान बाहेक वित्तिय सामानीकरणबाट ७ करोड ७४ लाख ७५ हजार रकम विनियोजन गरिएको छ । यस क्षेत्रमा गरिने मुख्य क्रियाकलापहरुलाई देहाय बमोजिम हुने गरि प्राथमिकिरण गरिएको छ ।

- तिंकर सडक सञ्जाललाई यथाशिघ्र गाँउपालिका सबै वडा संग जोड्न र सो सडकको स्तरोउन्नती का लागि नेपाल सरकार तथा अन्य सरकोरवालाहरुसंग पहल गरिने छ ।
- गत आ.व.मा यस गा.पा.बाट संचालित खर छाप्रो मुक्त अभियानलाई निरन्तरता दिइने छ ।
